# राष्ट्रिय परीक्षा बोर्ड

## शोधपत्र अनुदान सम्वन्धी सूचना ।

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरबाट आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार स्नातकोत्तर, एम.फिल र विद्यावारिधी तहका विद्यार्थीहरूलाई माध्यमिक तहको परीक्षा प्रर्वद्धन, मूल्याङ्कन र गुणस्तरमापन सम्वन्धी तथा नतिजा विश्लेषण एवं परीक्षासँग सम्वन्धित विषयमा शोधपत्र लेखनका लागि तपसिल बमोजिमको रकम अनुदान दिइने हुँदा इच्छुक विद्यार्थी/शोधार्थीबाट प्रस्ताव सहितको आवेदन आव्हान गरिएको छ । सो सम्वन्धमा २०८० फागुन १५ गतेभित्रमा प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्वन्धी विस्तृत विवरण www.neb.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| क्रसं. | तह | अनुदान रकम (प्रति शोधपत्र) रू |
|---|---|---|
| १ | स्नातकोत्तर | ७५,०००/- |
| २ | एम.फिल | १,००,०००/- |
| ३ | विद्यावारिधी | १,२५,०००/- |

१ शीर्षक :

माध्यमिक तहको (परीक्षा सुधार, मूल्याङ्कन र गुणस्तरमापन, नतिजा विश्लेषण एवं परीक्षासँग सम्वन्धित कुनै पनि शीर्षक मान्य हुनेछ ।

२ मापदण्ड :

- नेपाली नागरिक हुनुपर्ने,
- स्नातकोत्तर तहको हकमा पहिलो र दोस्रो Semester उत्तीर्ण भएको,
- एम.फिल तहको हकमा पहिलो Semester उत्तीर्ण भएको,
- पि.एच.डी. का हकमा पि.एच.डी. रजिष्ट्रेशन भैसकेको ।

३) भुक्तानी प्रकृया :

यो सहयोग अनुदान प्राप्त गर्न अन्य कुनै पनि निकायबाट सहयोग नलिएको हुनुपर्नेछ ।

- प्रस्ताव स्वीकृत भएमा २५%
  (प्रस्तावमा Data collection tools समेत पेश गर्नुपर्ने )
- मस्यौदा प्रतिवेदन पेश भएपछि २५%
- अन्तिम प्रतिवेदन पेश भएपछि ५०%
- अन्तिम प्रतिवेदन २०८१ असार १५ गतेभित्रमा पेश गरिसक्नु पर्ने (स्नातकोत्तर तहका लागि)

(अन्तिम प्रतिवेदनमा शोधार्थीबाट प्राप्त जानकारी (Finding/recommendation) का आधारमा सुझाव कार्यान्वयनका लागि राष्ट्रिय परीक्षा बोर्डबाट उपलव्ध गराइएको ढाँचामा कार्ययोजना (Action Plan) समेत पेश गर्नुपर्नेछ ।)

४) निवेदनको ढाँचा :

- निवेदन
- सम्वन्धित विश्वविद्यालयबाट शोध प्रस्ताव स्वीकृत भएको हुनुपर्नेछ ।
- शोधपत्र सम्वन्धी भइरहेको प्रगतिको जानकारी गराउनु पर्नेछ । (विद्यावारिधी तहको लागि मात्र)

५) आवश्यक कागजात :

- शैक्षिक प्रमाणपत्रहरूका Digital Copy पेश गर्नु पर्नेछ । नेपाल बाहिरका शैक्षिक निकायहरूबाट उत्तीर्ण गरेका प्रमाणपत्रहरूको हकमा समकक्षता समेत पेश गर्नु पर्नेछ ।
- विद्यावारिधी तहका शोधार्थीले ६/६ महिनामा शोधपत्र सम्वन्धी भइरहेको प्रगतिको जानकारी गराउनु पर्नेछ ।

बोर्डको मूल्याङ्कन समितिले यस सम्वन्धमा सम्पूर्ण निर्णय गर्नेछ ।

**पुनश्चः** शोधपत्र लेखनका लागि Research tools निर्माण गरी तथ्याङ्क संकलन गरिसकेका विद्यार्थीहरूले यस कार्यक्रममा भाग लिन पाउने छैनन् ।